# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## डीनको कार्यालय
### कीर्तिपुर, काठमाडौं

चलानी नं. ..................

मिति: २०८३/०६/०२

**दर्शनाचार्य-विद्यावारिधि (M Phil-PhD) तह तेस्रो सेमेस्टरको शोध-प्रवन्धको**

**अनलाइन (Online) फाराम भर्ने सम्बन्धी जरुरी सूचना !**

**त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय**, डीनको कार्यालयबाट सेमेस्टर प्रणालीमा सञ्चालित दर्शनाचार्य-विद्यावारिधि (M Phil-PhD) कार्यक्रम अन्तर्गत शैक्षिक वर्ष २०२४ का विद्यार्थीलाई तेस्रो सेमेस्टरको **शोध-प्रबन्ध**को निमित्त २०८३ साल कार्तिक १० गतेभित्र तपसिल बमोजिम अनलाइन फाराम भर्नका लागि सूचित गरिन्छ ।

विद्यार्थीद्वारा आफू अध्ययनरत विभागको नाम उल्लेख गरी https://exam.tufohss.edu.np मार्फत अनलाइन परीक्षा फाराम भर्न सकिने छ । म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका आवेदन फाराम उपर कुनै कारबाही हुने छैन । यस सम्बन्धी अन्य विस्तृत विवरण यस सङ्कायको वेवसाइटबाट प्राप्त गर्न सकिने छ ।

- **परीक्षा फाराम भर्ने समयावधि :** मिति २०८३ साल असोज ०५ गतेदेखि कार्तिक १० गते राति १२:०० बजेसम्म र उक्त समयावधि पछि दोब्बर दस्तुरमा २०८३ साल कार्तिक १७ गते राति १२:०० बजेसम्म ।
- **परीक्षा दस्तुर :** तेस्रो सेमेस्टरका नियमित परीक्षार्थीका लागि रू. २,५००/- (अक्षरेपी रू. दुई हजार पाँच सय मात्र) ( विद्यार्थीहरूले Online फाराम भर्ने बेलामा e-Sewa अथवा Khalti मार्फत फाराम दस्तुर तिर्नुपर्ने छ र जम्मा भइसकेको दस्तुर फिर्ता नहुने बेहोरा समेत जानकारी गराइन्छ) ।
- परीक्षार्थीहरूले अनलाइन परीक्षा फाराममा विवरण भर्दा विषयको शीर्षक र कोड नं. शुद्ध र स्पष्टसँग भर्नुपर्नेछ । यदि अनलाइन फाराम भर्दा कुनै समस्या भएमा सम्बन्धित विभागमा सम्पर्क राख्नुपर्ने छ ।
- परीक्षार्थीहरूले त्रि.वि. रजिष्ट्रेशन नं. अनिवार्य रूपमा अनलाइन परीक्षा फाराममा उल्लेख गरेको हुनुपर्ने छ अन्यथा **त्रि.वि. रजिष्ट्रेशन नं. नभएका परीक्षार्थीको** परीक्षा फाराम मान्य नहुने बेहोरा समेत जानकारी गराइन्छ ।
- अनलाइन परीक्षा फाराममा विद्यार्थीले दुवै कान देखिने हालसालै खिचेको पासपोर्ट साइजको फोटो र फाराममा तोकिएको ठाउँमा दस्तखत Upload गर्नुपर्ने छ ।
- सम्बन्धित विभागले डीन कार्यालयबाट उपलब्ध गराइएको User ID र Password प्रयोग गरी विद्यार्थीहरूले भरेका **अनलाइन परीक्षा फाराम** २०८३ साल कार्तिक ११ गतेभित्र र दोब्बर दस्तुरको हकमा कार्तिक १८ गतेभित्र रूजु र प्रमाणित (Verify) गरिसक्नु पर्नेछ ।
- डीन कार्यालयबाट परीक्षा फाराम स्वीकृत (Approved) भएका परीक्षार्थीको प्रवेश-पत्र मिति २०८३ साल कार्तिक १९ गतेदेखि सम्बन्धित विद्यार्थीहरूले आफ्नै **username** र **password** प्रयोग गरी https://exam.tufohss.edu.np बाट अनलाइन मार्फत प्राप्त गर्न सक्ने छन् ।

..........................

**डा. चिरञ्जीवी आचार्य**
**सहायक डीन**

कीर्तिपुर, काठमाडौं, नेपाल । टेलिफोन: +(९७७-१) ४-३३०३५८, ४-३३३९८०, ४-३३५१०४, ५-९०२३६८, ५-३१४६७९
E-mail: support@tufohss.edu.np, tufohss.ma@gmail.com, tubca2017@gmail.com, Website: www.tufohss.edu.np